**प्र.मं.प.बै.सं. १८/२०७६**

**२०७६ साल असोज १७ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** कानून मस्यौदा तथा सुझाव कार्यदल गठन गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश नं. ५, स्थानीय सेवाका कर्मचारी र कार्यालय सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः -** मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा ऐन, २०७५ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर गरी प्रदेश राजपत्रमा सूचना प्रकाशित गर्न स्वीकृती प्रदान गर्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः -** प्रदेश सभाका स्वर्गीय सदस्य श्री उत्तरकुमार वलीको विमा वापतको रकम प्रदेश सभा सचिवालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले निकाशा दिने।

५. **आर्थिक मामिला तथा योजना मन्त्रालयः -** विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयः -** समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ को प्रथम संशोधन स्वीकृत गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः -** पृथ्वीचन्द्र अस्पताल विकास समितिको अध्यक्ष मनोनयन गर्ने।